# नेपाल-भारत उद्योग बाणिज्य संघ
**NEPAL-INDIA CHAMBER OF COMMERCE & INDUSTRY**

द.नं.: ९०/०५१/५२
जि.प्र.का. काठमाडौं
स.क.प.द.नं.: १९७५८
पान नं: ३०२३१२११९
नक्साल, काठमाडौं।


**आज मिति २०७९ माघ १९ गते भारतको नर्थ ईष्टर्न डेभलपमेण्ट फाईनान्स कर्पोरेशन लि.का अध्यक्ष एवं प्रबन्ध निर्देशक सहितको टोली तथा नेपाल-भारत उद्योग वाणिज्य संघ वीच नेपाल तथा उत्तर-पूर्वी भारतवीच कनेक्टीभिटीको बर्तमान अवस्था तथा सम्भाबित परियोजनाहरुको अध्ययन सन्दर्भमा दुईपक्षीय छलफल भएको सम्बन्धमा**

## नेपाल-भारत उद्योग वाणिज्य संघको

## प्रेस बिज्ञप्ति

आज मिति २०७९ माघ १९ गते भारतको नर्थ ईष्टर्न डेभलपमेण्ट फाईनान्स कर्पोरेशन लिमिटेडका अध्यक्ष एवं प्रबन्ध निर्देशक पिभिएसएलएन मूर्तिको नेतृत्वमा नेपाल तथा उत्तर-पूर्वी भारतवीच आर्थिक क्षेत्रमा सम्बन्ध बिकास तथा लगानी सहकार्य, दुईदेशबीचको ब्यापार तथा पारबहनमा रहेका बिद्यमान समस्याहरु नेपाल तथा उत्तर-पूर्वी भारतवीच कनेक्टीभिटीको बर्तमान अवस्था तथा सम्भाबित परियोजनाहरु लगायत दुई पक्षीय आर्थिक परियोजनाहरुको बिस्तार तथा सम्भाब्यताका बिषयमा बृहत छलफल भयो ।

संघका अध्यक्ष सृजना राणाको अध्यक्षतामा सम्पन्न उक्त दुइपक्षीय छलफलमा भारतीय टोलीका सदस्यहरुलाई स्वागत गर्दै, नेपाल-भारत उद्योग वाणिज्य संघको स्थापना, उद्देश्य, संरचना, संघले बिगतमा निभाएका भूमिकाहरु एवं बर्तमानमा गर्दै गरेका कार्यहरु लगायत संघले गर्ने योजनाहरुका बिषयमा जानकारी पश्चात उक्त छलफलमा संघको तर्फबाट ब्यापार तथा पारबहन समितिका संयोजक श्री राजन शर्माले दुई देशबीचको ब्यापारमा अहिले पारबहनमा समस्या रहेको बताउनुभयो । बिशेष गरी नेपाली बस्तुहरुको ब्यापारमा संरक्षकको अधिकार (Custodian Right) भारतीय क्लियरिङ्ग एजेन्टकोमा रहेको छ जसको कारण कानूनी अन्यौलता कायम भएको बताउनुभयो भने अर्को भनेको हाल लागू रहेको ईलेकट्रोनिक कार्गो ट्र्याकिङ्ग सिष्टम (ECTS)को केही उपयोगिता नरहेको जसको कारण प्रति कन्टेनर भा.रु. ३,४००/- थप ब्ययभार थपिएको तथा यात्रुबाहक रेल र मालबाहक रेल बीचको चाप ब्यबस्थापनको लागी भारत सरकारको तर्फबाट नेपाली बोर्डरसम्मै कार्गो रेलको उपलब्ध गर्ने ब्यबस्था गरिनुपर्ने लगायतका बिषयहरु महत्वपूर्ण रहेको बताउँदै यी यावत कारणहरुले पनि अन्य मूलूकहरुका लागतको तुलनामा भारतीय भूमि भएर नेपाल आउने बस्तुहरुको ब्यापारमा लजिष्टिक खर्च बृद्धि भएको जानकारी गराउनुभयो । त्यस्तै दुई देशबीचको डाटा एक्सचेन्जमा पनि समस्या रहेको हुनाले पनि यी बिषयहरुलाई निराकरण गर्न सकिएमा दुईदेशबीचको ब्यापार अझ सहज बन्ने बताउनुभयो ।

साना तथा मझौला समितिका उपसंयोजक डम्मर खनालले नेपालको साना तथा मझौला ब्यबसायको क्षेत्र बिशेष गरी कृषीजन्य बस्तुहरुमा निर्भर रहेको जानकारी गराउँदै नेपाली बस्तुको निकासीको लागी बिभिन्न नीतिगत, ब्यबहारिक समस्याहरु रहेको बताउनु भयो । हाल कृषिमा जनशक्तिको पनि अभाव देखिएको र उपलब्ध जनशक्तिमा पनि ज्ञान र शीपको समस्या रहेको, त्यसैगरी बस्तुको उचित मात्रामा ब्राण्डिङ्ग लगायतमा समस्या रहेको र उचित स्थानमा प्रयोगशालाको अभाव लगायतका बिषय पनि समस्या कै रुपमा रहेको जानकारी गराउँदै दुबै देशका ब्यबसायीहरुबीच सहकार्य गरेर बस्तुको उत्पादन देखी बजार बिस्तारका क्षेत्रमै पनि संयुक्त प्रयासमा संकलन केन्द्र, प्रशोधन केन्द्र, फिनीशिङ्ग तथा बजार ब्यबस्थापनमै संयुक्त प्रयास गर्न सकिएमा दुबै देशका कृषक देखी उद्यमी, ब्यबसायी सबैले लाभ लिन सकिने बिचार ब्यक्त गर्नुभयो ।

संघको उपाध्यक्ष एवं ईण्डियन बिजनेश फोरम कमिटीका संयोजक हरकिरत सिंह बेदीले नेपालमा बिगतमा जस्तो उद्योग ब्यबसायको क्षेत्रमा समस्या नरहेको जानकारी गराउंदै अहिलेको प्रमुख समस्या भनेको औद्योगिक सम्बन्धमा केही मूलभूत बिषयहरु जस्तै ट्रेडमार्क, बौद्धिक सम्पत्तिको अधिकार, प्रचारप्रसार एवं बिज्ञापनमा रहेता पनि समग्रमा नेपालमा लगानी गरी रहेका भारतीय लगायत बिदेशी कम्पनीहरुले राम्रो ब्यबसाय गरी रहेको र राम्रो प्रतिफल दिईरहेको जानकारी गराउनुभयो ।

यस्तै संघको उर्जा तथा पूर्वाधार समितिका संयोजक बटु लामीछानेले नेपाल तथा भारतबीचको कनेक्टीभिटीको कुरा गर्दा जलबिद्युतको कनेक्टीभिटी बर्तमान बिश्वको परिबेशमा अत्यन्त महत्वपूर्ण उपयोगी हुन सक्ने बताउंदै हाल नेपालमा थुप्रै जलबिद्युतका परियोजनाहरु अघि बढ्दै गरेको र आगामी दशक सम्ममा थप १०,००० मेगावाट बिजुली उत्पादन गर्ने लक्ष्य राखेको बताउंदै उक्त बिद्युत नेपाली बजारमा मात्रै खपत नहुने र भारतमा उर्जाको माग अत्यधिक रहेको तर भारतमा कूल उर्जाको ५० प्रतिशत कोईलावाट उत्पादन भई आएको बर्तमान परिप्रेक्षमा आगामी केही बर्षमा नेपालको जलविद्य'त उर्जा भारत लगायत बङ्गलादेश तथा अन्य मुलुकमा निकासी गर्न सकिने हं'दा यस्तो अवस्थामा भारतले आफ्नो उर्जा ब्यापारको नीतिमा लचकता अपनाउनु आवश्यक रहेको बताउनुभयो । बिशेष गरी उर्जा उत्पादनमा रहेका लगानीकर्ता कम्पनी रहेको देश, परियोजनामा कुन देशमा निर्माण भएको उपकरण तथा सामानहरुको प्रयोग भएका जस्ता बिषयहरुमा भन्दा पनि आवश्यक बिद्युत के कसरी सहज रुपमा नेपालबाट लिन सकिन्छ भन्ने बिषयमा केन्द्रित हुनुपर्ने र भारतीय लगानीकर्ताहरुको अन्य देशमा लगानी भई आएको लगानी मध्ये हाल नेपालमा सून्य दशमलव द'ई सात प्रतिशत मात्र लगानी नेपाल भित्रिने गरेकोमा त्यसलाई बढाएर नेपालमा रहेको जलबिद्युत परियोजनाहरुमा पनि भारतीय लगनीकर्ताहरुलाई लगानी गर्न प्रोत्साहन गर्नुपर्ने भन्दै यदि यसो भएमा भारत र नेपाल दुबै देशको आवश्यकताहरु सहज रुपमा पूरा हुन सक्ने बताउनुभयो ।

त्यस्तै संघको उर्जा समितिका सल्लाहकार जय निशान्तले नेपाल र भारतबीचको ब्यापार लगायत बिकासका कार्यक्रमहरुको लागी सबैभन्दा ठूलो समस्या भनेको दुबै देशका राजनीतिक प्रशासनिक अधिकारीहरुमा रहेको विद्यमान मानसिकता जबसम्म परिवर्तन हुँदैन समस्या रही रहने बताउँदै आगामी दिनमा दुईदेशबीचको आर्थिक देखी हरेक प्रकारका सम्बन्ध, कनेक्टीभिटीको सवालमा मिलेर अघि बढ्दा नै दुबै देशबीचको सम्बन्ध सुदृढ, सवल र मजबूत बन्छ र यसको सकारात्मक असर यो क्षेत्रका अन्य छिमेकी म'ल'कहरुले पनि पाउन सक्छन भन्ने मानसिकताको बिकास हुनु अति आवश्यक रहेको बताउनुभयो ।

झण्डै २ घण्टा ३० मिनेट चलेको उक्त दुईपक्षीय छलफलमा नर्थ ईष्टर्न डेभलपमेण्ट फाईनान्स कर्पोरेशन लिमिटेडका अध्यक्ष एवं प्रबन्ध निर्देशक पिभिएसएलएन मूर्तिले छलफल अत्यन्तै सकारात्मक तथा उपयोगी सुझावहरु प्राप्त भएको भन्दै उपलब्ध सुझावहरुलाई आफ्नो अध्ययनमा समाबिष्ट गर्ने र अझ केही थप राय सुझावहरु भएमा ईमेल मार्फत उपलब्ध गराउन पनि अनुरोध गर्दै न्यानो आतिथ्यताको लागी हार्दिक आभार ब्यक्त गर्नुभयो ।

छलफलका क्रममा संघका अध्यक्ष श्रीमती सृजना राणाले नेपालमा पर्यटनको क्षेत्रमा थुप्रै सम्भावनाहरु रहेको तथा समस्याहरु पनि रहेको र संघले दुईपक्षीय पर्यटन प्रबर्द्धनको लागी सन २०१८ मा पर्यटन प्रबर्द्धनको लागी दोश्रो नेपाल-भारत संयुक्त कार्यदलको सम्मेलन काठमाडौंमा गरेर उक्त सम्मेलनमा राखिएका

बिषयहरु:- लिभ ट्राभल कन्सेसन, ओभरलल्याण्ड ट्राभल सम्बन्धी समस्याहरु, संयुक्त पर्यटन प्रबर्द्धन लगायतका मुद्दाहरु रहेको जानकारी गराउंदै उक्त बिषयहरु यथावत नै रहेको तर दुईपक्षीय पर्यटन प्रबर्द्धनको सम्बन्धमा संघले नेपाल र भारतका धार्मिक स्थलहरुलाई जोडेर धार्मिक पर्यटन प्रबर्द्धन गर्ने उद्देश्य सहितको कफीटेबल बुक तयार गरेको जानकारी गराउनुभयो । साथै दुई देशवीच जलबिद्युत, पूर्वाधार जस्ता क्षेत्रमा दुईदेशका उद्यमीहरुको संयुक्त लगानीमा परियोजनाहरु अगाडि बढाउन सकिने र यसबाट दुबै देशले लाभ लिन सक्ने बताउनुभयो ।

छलफल कार्यक्रममा संघका महासचिव रमेश शर्माले संघका सदस्यहरुबाट प्रस्तुत सुझावहरुलाई उपयुक्त स्थान दिनुका साथै अध्ययन प्रतिबेदनले नेपाल तथा भारतबीचको आर्थिक सम्बन्धलाई थप सहजीकरण गर्न सहयोग पुग्ने बिश्वास ब्यक्त गर्दै भारतीय टोलीलाई शुभकामना एवं धन्यबाद ब्यक्त गर्नुभयो ।

छलफलमा भारतीय टोलीमा नर्थ ईष्टर्न डेभलपमेण्ट फाईनान्स कर्पोरेशन लिमिटेडका अध्यक्ष एवं प्रबन्ध निर्देशक पिभिएसएलएन मूर्ति, नर्थ ईष्टर्न डेभलपमेण्ट फाईनान्स कर्पोरेशन लि.का कार्यकारी निर्देशक एस के बरुवा, जवाहरलाल नेहरु बिश्वबिद्यालयका बरिष्ठ प्राध्यापक महेन्द्र पि लामा, नर्थ ईष्टर्न डेभलपमेण्ट फाईनान्स कर्पोरेशन लिमिटेडका बरिष्ठ परामर्शदाता अभिजित कुमार बेजबरुवा तथा ब्यबस्थापक अभिषेक लामा तथा नेपाल-भारत उद्योग वाणिज्य संघको तर्फबाट अध्यक्ष सृजना राणा, उपाध्यक्ष हरकिरत सिंह बेदी, महासचिव रमेश शर्मा, ब्यापार तथा पारबहन समितिका संयोजक राजन शर्मा, उर्जा समितिका संयोजक बटु लामीछाने, साना तथा मझौला उद्यमी समितिका उप संयोजक डम्मर खनाल, उर्जा समितिका सल्लाहकार जय निशान्त बीच भएको सघन वार्तातलापमा संघका महानिर्देशक केशब मान सिंह, उप निर्देशक मार्शल राठौर, संघका परमर्शदाता लुजा माथेमा लगायत सहभागी हुनु हुन्थ्यो ।

मार्शल राठौर
उपनिर्देशक
नेपाल-भारत उद्योग वाणिज्य संघ
नारायणचौर, नक्साल, काठमाडौं ।
मितिः २०७९ माघ १९ गते बिहीवार ।